# शिवसताक्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# व्याङ्गडाँडा, झापा

## कन्काई र कमल खोलाको ढुङ्गा, गिटी, बालुवा र पुरुवा संकलन तथा बिक्रीसम्बन्धी ठेक्का आहवानको सूचना

(प्रथम पटक प्रकाशन मिति २०७५/५/२६)

यस नगरपालिकाको आर्थिक वर्ष २०७५/७६का लागि ठेक्कासम्वन्धी कागजातमा उल्लेखित शर्तमा यस नगर क्षेत्र भित्रबाट कन्काई र कमल नदीको नदीजन्य पदार्थ ढुङ्गा, गिटी, बालुवा र पुरुवा संकलन तथा बिक्रीसम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी १५ दिने शिलवन्दी बोलपत्र आहवान गरिएको छ । सूचना प्रकाशन भएको मितिले तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनिहरुले ठेक्कासम्वन्धी कागजात खरिद गरी देहायको मिति, समय र स्थानमा शिलवन्दी बोलपत्र पेश गर्नु हुन अनुरोध छ । साथै E-bidding को माध्यमबाट बोलपत्र पेश गर्न चाहने इच्छुक फर्म वा कम्पनीले www.bolpatra.gov.np/epg बाट पनि बोलपत्र पेश गर्न सक्नु हुने छ ।

| सि. नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक भ्याट वाहेक | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम बिक्री हुने अन्तिम मिति | बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति समय |
|---|---|---|---|---|---|---|---|
| १ | SM /IR/01//075-76 | शिवसताक्षी नगरपालिकाले तोकिदिएको क्षेत्र भित्र कन्काई कमल नदीबाट ढुङ्गा, गिटी, वालुवा र पुरुवा संकलन तथा बिक्री | रु ५५,९५,२२०।० | बोलपत्र दस्तुर रु ३०००।० | २०७५/६/९ | २०७५/६/१० दिनको १२:०० बजे भित्र | २०७५/६/१० दिनको २:०० बजे |

**शर्तहरु :**

१) इच्छुक योग्य बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातहरु शिवसताक्षी नगरपालिकाबाट लिखित निवेदन पेश गरी मिति २०७५/६/९ गते कार्यालय समय भित्रमा खरिद गर्न सक्नेछन् । यस्ता निवेदनको साथमा नागरिकताको प्रमाण पत्र, व्यवसाय । कम्पनी दर्ता प्रमाण पत्र, भ्याट (VAT) दर्ता प्रमाण पत्र र आ.व २०७३/७४ को कर चुक्ता प्रमाण पत्रका प्रतिलिपी संलग्न राखी तोकिएको बोलपत्रसम्वन्धी कागकाजको दस्तुर नगदै रु.३०००।० (पछि फिर्ता नहुने गरी) पेश गर्नु पर्नेछ । साथै E-bidding मार्फत बोलपत्र खरिद गर्न चाहाने बोलपत्र दाताले बोलपत्र फारम खरिद गर्दा भुक्तान गर्नु पर्ने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, भद्रपुर शाखामा रहेको कोष खाता नं. २२१०३०४०१८१०५ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ ।

२) शिलवन्दी वा E-bidding मार्फत बोलपत्र दाखिला गर्ने व्यक्ति नेपाली भएमा कबोल अंकको ५ प्रतिशत र विदेशी भए १० प्रतिशत धरौटी यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं.२२१०३०३००७१०२ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएका १२० दिन म्याद भएको बिडबण्ड धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।

३) शिलवन्दी गरिएको बोलपत्र शिवसताक्षी नगरपालिकाको कार्यालयमा मिति २०७५/६/१० गते दिउसो १२:०० बजे भित्रमा बुझाउनु पर्नेछ । आफूले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनु भन्दा २४(चौबिस) घण्टा अगावै बोलपत्र फिर्ता वा संशोधन गर्न सिलवन्दी निवेदन दर्ता गर्नु पर्नेछ । शर्त राखी पेश गरेको, रीत नपुगेका र ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।

४) तोकिएका समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा शिवसताक्षी नगरपालिकाको कार्यालयमा मिति २०७५/६/१० गते दिउसो २:०० बजे खोलिनेछ । सो समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम गरिनेछ ।

६) कुनै वा सबै बोलपत्र, पुरै वा आंशिकरुपमाा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

७) बोलपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., फ्याक्स नं. स्पष्टसँग लेख्नुपर्ने छ ।

८) बोलपत्र जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ ।

९) बोलपत्र फारम भर्दा आफूले कबोल गरेका रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ ।

१०) बोलपत्र स्वीकृत भएपछि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौत गर्न यस कार्यालयमा आउनु पर्नेछ। मुनासिब कारण वाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको घरौटी रकम जफत गरी कालो सूचीमा राखिनेछ।

११) उल्लेखित ठेक्का स्वीकृत भए पश्चात सम्झौता गर्नु पूर्व सम्वन्धित ठेकेदारले नेपाल सरकाले तोके अनुसार मु. अ. कर बुझाई सो को प्रमाण पत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ।

१२) ठेक्का स्वीकृत रकम ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा १० प्रतिशत छुट दिन सकिनेछ। बराबर अंक कबोल भइ किस्ता बन्दी र एकमुष्ट रकम बुझाउन ठेक्काको सम्बन्धमा निर्णय गर्दा एकमुष्ट रकम बुझाउनेलाइ प्राथमिकता दिई शिवसताक्षी नगरपालिकाले निर्णय गर्नेछ ।

१३) किस्ताबन्दी रुपमा रकम बुझाउँदा ठेकेदारले आफुले कबोल गरेको कुल रकम ३ (तीन) किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता रकम ५० प्रतिशत सम्झौता गर्न अगावै बुझाउनु पर्नेछ। त्यसपछि दुई किस्ता मध्ये दोस्रो किस्ताको रकम मंसिर मसान्तमा ३० प्रतिशत र तेस्रो किस्ताको रकम चैत्र मसान्त भित्र २० प्रतिशत बुझाउनु पर्नेछ। साथै यसरी किस्ताबन्दीमा रकम बुझाउँदा ठेकेदारले ठेक्का कबोल गरेको अंकमा दोस्रो र तेस्रो किस्ताको रकम बरावरको जमानत बापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त “क” वर्गको बाणिज्य बैंकबाट सम्झौता अवधिसम्मको बैंक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नुपर्नेछ।

१४) किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ। म्याद भित्र नबुझाएमा शिवसताक्षी नगरपालिकाबाट निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ। किस्ता रकम बुझाउन म्याद नाघेको १५ दिनसम्ममा पनि रकम नबुझाएमा अन्तिम चेतावनी स्वरुप पुनः १५ दिनको म्याद दिई जरिवाना प्रतिदिन ०.०२ प्रतिशत सो किस्तामा बुझाउन बाँकी रकमको हिसाबले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्ने छ। सो म्यादमा पनि बुझाउँनु पर्ने रकम ठेकेदारले नबुझाएमा कार्यालयले ठेक्का तोडी बैकल्पिक व्यवस्था गर्न सकिने छ।

१५) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित ऐन नियमानुसार बुझाउँनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सव ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउँनु पर्नेछ।

१६) यस नगरपालिकालाई रकम बुझाउँनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन् ।

१७) ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। बिचैमा ठकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ। यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१८) ठेक्का सम्झौता अवधिका सम्बन्धमा उत्खनन, संकलन तथा विक्री वितरण सम्झौता मिति .... देखि २०७६ जेष्ठ मसान्तसम्मका कायम रहनेछ। तर २०७६ आषाढ महिना भर खोलाहरुबाट उत्खनन गर्न पाईने छैन तर उत्खनन भएका सामान मौज्दात प्रमाणित गराई विक्री वितरण गर्न प्रतिवन्ध लगाईन छैन।

१९) नदी/खोलाहरुबाट निकालिन निर्माण सामग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ। तोकिए बमोजिमका पुल पुलेसा, संरक्षण क्षेत्र, मसानघाट आदिको US (उत्तर) मा ५०० मिटर र DS (दक्षिण) मा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागबाट तोकिएका भन्दा गहिरो नहुने गरी निर्माण सामग्री संकलन र उत्खनन गर्नु पर्नेछ। साथै महत्वपुर्ण राष्टिय राजमार्गहरुमा सुख्खा निर्माण सामग्री मात्र ओसार पसार गर्नु पर्नेछ। विभिन्न खोलाबाट निकालिन निर्माण सामग्री विक्री मुल्य करको ठक्का लिए पश्चात् खोला बगेको ठाउँमा नम्बरी परेमा, मठ मन्दिर, पुल पुलेसा, संरक्षण स्थल, समाधी स्थल आदि ठाउँहरु परी निर्माण सामग्री उठाउँन रोक लागे/लगाएमा ठेकेदार स्वयं आफैले मिलाइ कर संकलन गर्नु पर्नेछ। कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न नपाइने र सो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन। निर्माण सामग्री निकाल्दा विभिन्न खोलाहरुमा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नांका भित्र मात्र सिमित रही निर्माण सामग्री निकाल्नु पर्नेछ। सो तोकिएको परिमाण तथा नांका भन्दा बाहिर गई निर्माण सामग्री निकाल्न पाईने छैन। साथै निर्माण सामग्री उत्खनन् गर्न समय विहान सूर्योदयदेखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ।

२०) कुनै पनि कर शुल्क वा विक्री मूल्य असुल उपर गर्न राष्टिय राजमार्ग र सहायक राजमार्गमा ढांट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन र कर संकलन गर्न स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्यसहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ।

२१) नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्ने सडकहरुमा खाल्डा खुल्डी पर्नु, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गुर्न पर्नेछ। सो वापतको खर्च दावी गर्न पाइने छैन।

२२) उत्खनन गर्ने परिमाण एवं नाकाको विस्तृत विवरण बोलपत्रसाथ संलग्न गरी उपलब्ध गराइने छ।

२३) रोडा, ढुङ्गा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्बन्धमा नेपाल सरकारवाट स्वीकृत नियमनसम्वन्धी प्रतिवेदन पालना गर्नुपर्नेछ। अनुगमन गर्दा कानू र मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारवाही गरिनेछ। यसरी उत्खनन गरेको परिमाणका लागत प्रत्येक १५/१५ दिनमा यस न.पा. लाई उपलब्ध गराउनु पर्नेछ ।

२४) ठेक्कासम्वन्धी रसिदहरु ठेकेदार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदवाट कर उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२५) विदेशी मित्र राष्ट्रबाट सोझै संचालन हुने आयोजनाको लागि प्रयोग हुने नदीजन्य सामग्रीको हकमा नेपाल सरकारसँग सम्झौता गरेको सम्झौतामा स्थानीय कर लिन नपाइने उल्लेख भएमा नपावाट कर छुटको निर्णय भएमा कर लिन पाइने छैन ।

२६) माथि उल्लेखित शर्तहरु वाहेक अन्यका हकमा प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

२७) अन्य कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क गरी वुझ्न सकिनेछ ।

................................
प्रमुख प्रशासकिय अधिकृत